# खुला दिसामुक्त क्षेत्र घोषणा समारोह
## जयपृथ्वी नगरपालिका
## २०७२ साल आषाढ २८ गते

यस खुला दिसामुक्त घोषणा समारोहका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथिको रुपमा मञ्चमा आसिन आदरणीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, नेतृत्व वर्ग, विद्यालयका गुरु वर्ग ज्यूहरु, वडा नागरिक मञ्चका पदाधिकारी ज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधी ज्यूहरु, विभिन्न संघ संस्थाका अतिथि प्रतिनिधी ज्यूहरु, उद्योग व्यापार संघका प्रतिनिधी ज्यूहरु, यस मञ्चमा उपस्थित सम्पूर्ण नगरवासी आमा, बुवा, दिदी वहीनी तथा दाजुभाई विद्यार्थी भाई बहिनी हरुमा म यस जयपृथ्वी नगरपालिकाको कार्यकारी अधिकृतको हैसियतले एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन गर्दछु ।

प्रमुख अतिथि लगायत अतिथि ज्यूहरु म अलिकति जयपृथ्वी नगरपालिकाको परिचयबाट यो प्रतिवेदन अघी वढाउने अनुमति चाहान्छु । जयपृथ्वी नगरपालिका मानवतावादी, शिक्षा प्रेमी, ऐतिहासिक व्यक्तित्व जयपृथ्वी बहादुर सिंहको नामबाट नामाकरण भई २०७१।२।१४ गतेबाट कार्यान्वयनमा आएको हो ।

**भौगोलिक अवस्था:**

यस जयपृथ्वी नगरपालिकाको पूर्वमा कैलाश गाविस, पश्चिम कडेल र मटेला गाविस, र पौवागढी गाविस, उत्तरमा सुनीकोट र दौलीचौर गाविस, रहेका छन । जयपृथ्वी नगरपालिकामा जोडिएका साविकका गाविसहरु सुवेडा, रिठापाटा, हेमन्तवाडा, लुयाँटा र चैनपुर गाभिएका छन । जस्मा बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरमा यसको कार्यालय रहेको छ र यस सदरमुकाम चैनपुर बजारलाई सेती नदी र बाहुलीगाडको अंगालोमा बेरिएको छ । भने अरु २/२ वडालाई सेती नदीले छुट्याएको छ । सुवेडा, रिठापाटा र चैनपुरलाई सडक बाटोले जोडे पनि हेमन्तवाडा र लुयाँटा अहिले पनि सडक पहुंचबाट वञ्चित नै छन । बझाङ्ग जिल्ला मध्य पहाडी क्षेत्रको करिव ३५७ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाका १५ वटा वडाहरु रहेका छन ।

**सामाजिक स्थिति:**

क्षेत्री, बाहुन, ठकुरी, दलित समुदाय, सन्यासी, तामाङ, नेवार, अन्य जातीहरुको वसोवास रहेको यस नगरपालिकाको जनसंख्या २०,२७७ , घरधुरी संख्या ३४१७ रहेको छ । यस न.पा. भित्र मनाइने चाड पर्वहरुमा विसु, दशै सिल्देवी जात्रा, भुओपर्व, मागी, गौरा, तागासेलाई पर्व मनाइने संस्कृती छ भने मागल, देउडा, र फाग गाउने चलन रहेको छ ।

**शैक्षिक स्थिति**

क्याम्पस १, उ.मा.वि. ५ नि.मा.वि.१०, प्रा.वि. ३३, निजी विद्यालय ७ वालकक्षा ३४ रहेकाछन ।

**स्वास्थ्य स्थिति**

जिल्ला अस्पताल १ निजी अस्पताल १, उप स्वास्थ्य चौकी २, स्वास्थ्य चौकी २

**वन वातावरण**

३२ वटा सामुदायीक वन रहेकाछन ।

**खानेपानीको अवस्था:**

३६७६ घरधुरी मध्ये ३२०३ घरधुरी करिव ७१.४ घरधुरीमा पानीको पहुंच छ । तथापी पानीको सहज व्यवस्था हुन सकेको अवस्था छैन ।

**विद्युत अवस्था**

कार्यकारी अधिकृत

नगरपालिका क्षेत्र भित्र सुर्मादेवी विद्युत प्रा.लि. ले विद्युत उपलब्ध गराए पनि अवस्था अत्यन्त नाजुक रहेकोछ ।

**सडक पहुंच/सडक संजाल : (निर्माणाधीन)**

१ रिठापाटा :- जयपृथ्वी नगर जाने सडक

२ पानकोट:- सुतियाँ सडक

३ राजकोट देखि वाँझगाउँ, मोर्तली हुदै कैलाश जाने सडक

४ डुंग्री, हेमन्तवाडा, जाखेत, सिमलतोला दहुला देखि पूंगर सम्म

५ चैनपुर:- मयाना सडक

६ धौलावगर:- डिलवुंगा

७ कचालीखोला वोरेवगर सडक

८ चैनपुर भित्रि सडक

हवाई मैदान १ वटा

**मुख्य वजारहरु:**

तमैल, चौपाख्या, रिठापाटा, चैनपुर, भोपुर, (लाल्टीन वजार), राजकोट, हेमन्तवाडा, लुयाँटा, गोलाई वजार

**आर्थिक तथा मानवीय स्थिति:**

१. टिमुर, यार्सागुम्वा, आलु, चोतो, फलफुल, सतुवा तथा सुगन्धवाला चीजहरु प्रशस्त पाइन्छ ।

२. सेती र वाहुलीगाडको किनारमा खेतीयोग्य फाँटहरु छन । जस्मा धान र गहुं प्रशस्त हुन्छ ।

३. तकारीखेती विकासक्रममा रहेको छ ।

४. सुवेडा, देवल, हेमन्तवाडा, लुयाँटा, कोटेली, गोलाई, भोपुर, (कालुखेती), अन्न तरकारीका लागि प्रख्यात स्थल हुन ।

५. सेती, वाहुलीगाड, सुनीगाड, गोलाईगाड, कचालीखोला क्रसर उद्योगको सम्भावना रहेको छ ।

**कामजोर पक्षहरु:**

१ श्रोत साधनको उचित व्यवस्थापन छैन ।

२ पानी प्रशस्त छ । तर यसको उपयोग हुन सकेको छैन ।

३ सामुहिक रुपमा कामगर्ने सहकारीताको अभाव छ ।

४ जग्गा बाँजो अवस्थामा रहेको छ ।

५ जनशक्ति वेरोजगार छ ।

६ जभिन, जडीबुटी र जंगलको सदुपयोग छैन ।

७ गाउँबाट युवा विदेश हुने अवस्थाले वालवालीका र जेष्ठ नागरिकको संख्या वढन गएको छ ।

**चुनौतीहरु:**

१ भूकम्प बाढी पहिरो र भ-क्षयबाट नगरलाई सुरक्षीत बनाउन चुनौती रहेकोछ ।

२ वस्ती व्यवस्थापन तथा फोहोर व्यवस्थापन गर्न समस्या देखा परेको छ । यस्ता किसिमका चुनौती हरु धेरै भएतापनि आर्थिक विकास र पर्यटनका दृष्टिकोणले बझाङ्ग जिल्लामा विकास को सम्भावना रहेको छ ।

**प्रमुखअतिथि तथा अतिथि ज्यू:**

वर्तमान अवस्थामा विश्व विकासका विभिन्न चरणहरु पार गर्दै विकास तर्फ उन्मुख भइरहेको छ । विज्ञान र प्रविधिको विकासले संसारलाई एउटा गाउँ जस्तो वनाई दिएको भएता पनि नेपाल जस्ता विकास

कार्यकारी अधिकृत

उन्मुख देशहरु अशिक्षा र गरिवीका कारण अझै सामान्य मानवीय आधारभुत आवश्यकता पुरा गर्न नसकेको अवस्था छ ।

विश्व मान चित्रमा करिव ३९ प्रतिशत जनसंख्या चर्पीको पहुंचबाट वंचित रहेका छन । नेपालका विभिन्न तथ्यांकको आधारमा नेपालमा सन् १९९० मा ६ प्रतिशत मात्र चर्पीको उपयोग गर्दथ्यें भने २०१२/१३ मा ६२ प्रतिशत पुगेको छ ।

हाल बझाङ्ग जिल्लामा ४२ वटा गाविस र जयपृथ्वी नगरपालिकाका ९ वटा वडाहरुमा जस्मा वडा नं. ७,८ र ९ साविक हेमन्तवाडा, वडा नं. १०,११ र १२ साविक लुयाँटा गाविस र वडा नं. १३,१४ र १५ सविक सुवेडा गाविस पहिले नै खुला दिसा मुक्त गाविस घोषणा भई सकेका छन र साविक चैनपुर वडा नं. ४,५ र ६ र साविक रिठापाटा वडा नं १,२ र ३ खुला दिसामुक्त घोषणा गर्न बाँकि रहेकाले हाल ती वडाका घरधुरीहरुमा, संघसंस्था, कार्यालय, विद्यालय र बजारमा सार्वजनिक शौचालय समेत पूर्ण अवस्थामा भएकोले खुला दिसा मुक्त घोषणा गर्न मिति २०७२।३।२७ गते जिल्ला स्तरिय सरसफाई स्वच्छता समन्वय समितिको निर्णय अनुसार आज मिति २०७२।३।२९ गतेका दिन यस जयपृथ्वी नगरपालिकालाई खुला दिसा मुक्त घोषणा गर्ने जर्मको लिएका छौं ।

आदरणीय प्रमुख अतिथि एवं अतिथि ज्यूहरु म यस नगरपालिकामा विगत ५ महिना देखि काम गर्दै आइरहेको व्यहोरा अवगत गराउन चाहान्छु । म बझाङ्ग जिल्लाको जयपृथ्वी नगरपालिकामा हाजिर भए लगतै यस नगरपालिकालाई खुला दिसा मुक्त घोषणा गर्ने आफ्नो पहिलो कार्य हुने निर्णय गरेको थिए । M-WASH-CC को बैठक तथा D-WASH-CC को बैठकबाट यस सम्बन्धमा निर्णय भएका थिएता पनि नगरपालिकालाई स्वच्छता तथा सरसफाई समन्वय समितिका पदाधिकारी तथा सरसफाई दुतको रुपमा अग्रणी भुमीका खेल्दै आउनु भएका ने.क.पा.का जिल्ला इन्चार्ज तथा सैनपसेला गाविस वडा नं. ८ का श्री धन बहादुर दौल्याल र जयपृथ्वी नगरपालिका वडा नं. ५ पिठालेकका जनक बहादुर थापाको अगुवाईमा तथा १८ जना सरसफाई कमाण्डोहरुको गत वर्षको सहयोग र यस वर्षको माथि उल्लेखित धन बादुर दौल्याल र जनक बहादुर थापाको करिव २ महिनाको अथक प्रयास पछि चैनपुर क्षेत्र भित्र र बसपार्क क्षेत्रमा चर्पी वनाउन कडा दवाव सिर्जना गर्ने काम गर्नु भएको थियो । अथक प्रयास गर्दा गर्दै पनि २६ वटा विपन्न परिवारहरुले चर्पी वनाउन नसक्ने अवस्था रहेको तथ्यांकको आधरमा उक्त घरपरिवारलाई चर्पी निर्माण सामाग्रीहरु नगरपालिकाबाट उपलब्ध गराइएको व्यहोरा जानकारी गराउन चाहान्छु । चर्पीको विकराल समस्या रहेको वादी टोलमा जिल्ला विकास समिति, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नेपाल रेडक्रस सोसाइटी बझाङ्ग शाखा र यस नगरपालिकाको लागतमा ९ लाख ९० हजारमा सो टोलका सम्पूर्ण घरधुरीलाई पुग्ने गरी चर्पी बन्ने कार्य हालै मात्र सम्पन्न भई प्रयोगमा आई सकेकाले यस नगरपालिकालाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने कार्यमा सहजता भएको छ । साथै चैनपुर स्थित खुलामञ्चमा निर्माण गरिएको सर्वजनिक शौचालयलाई पनि सर्वसाधारणका लागि खुला गर्ने व्यवस्था गरिएको व्यहोरा पनि जानकारी गराइन्छु ।

प्रमुख अतिथि तथा अतिथि ज्यू, आमा, बुवा, दाजु भाई तथा दिदी बहिनीहरु :

**अव म यस जयपृथ्वी नगरपालिका वडा नं. १ देखि १५ सम्मका घर धुरी र चर्पी विवरण संख्या पेश गर्न चाहान्छु ।**

कार्यकारी अधिकृत

## जयपृथ्वी नगरपालिका कार्यलय

### १ देखि १५ वटै बडाहरुको चर्पीको विवरण

| वडा नं. | स्थायी घरधुरी संख्या | चर्पीप्रयोग गर्ने घरधुरी संख्या | चर्पी संख्या | अन्यठाउँबाट आई पक्किघर वनाई वसेका घरधुरी संख्या | चर्पी प्रयोग गर्ने घरधुरी | चर्पी संख्या | टिनका टहरा बनाई व्यापार व्यवसाय गर्नेहरु | चर्पी प्रयोग गर्ने होटल व्यवपसायीहरु | चर्पी संख्या | उद्योग व्यवसायीहरु | चर्पी प्रयोग गर्ने उद्योगीहरु | चर्पी संख्या | सरकारी कार्यालयहरु | चर्पी संख्या | विद्यालय हरुको संख्या | चर्पी संख्या | कुल जम्मा चर्पी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३७ | १३७ | १२७ | - | - | - | - | - | - | - | - | - | - | - | २ | ८ | १४५ |
| २ | १४४ | १४४ | १४० | - | - | - | - | - | - | - | - | - | - | - | ३ | १० | १५७ |
| ३ | २०५ | २०५ | २०० | २९ | २९ | २९ | १७ | ११ | ५ | ५ | ५ | ८ | १८ | ३ | ७ | २६५ | २६५ |
| ४ | ३४२ | ३४२ | ९२० | ३९३ | ३९३ | ३९३ | २२९ | २०७ | २०७ | - | - | - | २० | ४७ | १० | २५ | ६९९ |
| ५ | २८७ | २८७ | २८७ | | | | | | | | | | | | ३ | १० | २९७ |
| ६ | ४०८ | ४०८ | ४०८ | ५१ | ५१ | ५१ | १५ | १५ | | | | | | | ६ | १८ | ४९२ |
| ७ | १७५ | १७५ | १६४ | १७ | १७ | - २ | २ | २ | - | - | - | - | - | - | ४ | ११ | १९४ |
| ८ | १३७ | १३७ | १३२ | - | - | - | - | - | - | - | - | - | - | - | २ | ७ | १३९ |
| ९ | २५५ | २५५ | २३८ | - | - | - | - | - | - | - | - | - | - | - | ३ | ६ | २४७ |
| १० | १९६ | १९६ | १८८ | - | - | - | - | - | - | - | - | - | - | - | ४ | ९ | १९७ |
| ११ | ११९ | ११९ | ११५ | - | - | - | - | - | - | - | - | - | १ | १ | ३ | ५ | १२१ |
| १२ | २१५ | २१५ | २०६ | - | - | - | - | - | - | - | - | - | - | | ३ | ५ | २११ |
| १३ | २७४ | २७४ | २७४ | | २७४ | २८० | ७ | ७ | ७ | | | | | | ३ | ५ | २७९ |
| १४ | ३७० | ३७० | ३९० | | ३७० | | ४१ | ४१ | ४१ | | | | २ | २ | ४ | ६ | ३९६ |
| १५ | १५३ | १५३ | १५३ | | १५३ | | | | | | | | | | २ | २ | १५५ |
| जम्मा | ३४१७ | ३४१७ | ३९४२ | ४९० | ४९० | ४७५ | ३११ | २८९ | २६६ | ११ | ११ | १४ | ३१ | ६८ | ५५ | १३४ | ३९९४ |

### नगरपालिका क्षेत्र भित्रमारहेका जम्मा घरधुरी र चर्पीको विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रमा रहेका घरधुरी संख्या | ३९०० | चर्पी संख्या | ४४१ |
| | टिनका टहरा वनाई व्यवसाय गर्नेको संख्या | ३११ | चर्पी संख्या | २८९ |
| | उद्योगी व्यवसायीहरु | ११ | चर्पी संख्या | १४ |
| | सरकारी तथा गैरसरकारी कार्यालयहरु | ३१ | चर्पी संख्या | ६८ |
| | विद्यालयहरु | ५५ | चर्पी संख्या | १३४ |
| | | | सार्वजनिक चर्पी | २ |
| | जम्मा घरधुरी संख्या | ४३०८ | जम्मा चर्पी संख्या | ४९२४ |

कार्यकारी अधिकृत

खुला दिसा मुक्त घोषणा कार्यक्रमलाई व्यवहारमा ल्याउन सकेमा दिसा जन्य रोगबाट मुक्ति पाउने कुरा निर्विवाद छ । केही वर्ष अगाडी हरेक वर्षायाममा फैलने हैजा, झापखाला जस्ता रोगहरु हालका दिनहरुमा कम हुँदै आएको हामी सबैलाई अनुभुति भएको छ । खुला दिसा मुक्त भनेको दिसालाई लुकाउने काम हो यसका लागि हाम्रो बानीव्यवहारमा पनि भर पर्ने कुरा रहेको छ । त्यसैले सम्पूर्ण नगरवासी आमा, बुवा, दिदी बहिनी, विद्यार्थीहरु, उद्योगपति, व्यवसायिक सबैले यस विषयमा चिन्तन मनन् गर्नु पर्ने सुरक्षित चपीमा दिसा, पिसाब गर्ने बानी बसाल्नु जरुरी छ । आफ्नो बानीमा सुधार गर्नु र अरुलाई पनि सम्झाउने कार्य गरेमा यस नगरपालिकाले परिकल्पना गरेको स्वच्छ सफा सुन्दर र पूर्ण सरसफाईको नगर सम्भावना हुने छ । हाल खुला दिसा लुकाउने प्रयास मात्र भएको छ । यो नै हाम्रो गन्तव्य होइन अवका दिनहरुमा हामीले दिसाजन्य रोगबाट बच्न Faecal Sludge Management कसरी गर्ने भन्ने सन्दर्भमा छुट्टै रणनिती तय गर्नु पर्ने छ । यसका साथै लैंगिक मैत्री, वालमैत्री तथा अपाङ्ग मैत्री चर्पी बनाउने तर्फ ध्यान आकर्षण गर्न जरुरी छ ।

अन्तमा :

यस खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने कार्यमा अग्रणी भूमिका खेल्ने साविक हेमन्तवाडा, लयाँटा, सुवेडा गाविसका सचिवहरु आफ्नो अमुल्य समय दिनु हुने प्रमुख अतिथि ज्यू र M-WASH-CC का पदाधिकारी तथा सदस्यहरु D-WASH-CC का पदाधिकारी तथा सदस्यहरु, नेपाल रेडक्रस सोसाइटी बझाङ्ग शाखा, सुआहारा, जलस्रोत, जिल्ला विकास समिति, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नागरिक अगुवा, सरसफाई दुत तथा जयपृथ्वी नगरपालिकाका कर्मचारी साथीहरु, पत्रकार, संचारकर्मी, राजनीकिदल, उद्ययमी, व्यवसायीहरु, वालक्लव, स्वास्थ्य स्वयंसेवीका, वडा नागरिक मञ्चका पदाधिकारीहरु, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक तथा यस कार्यक्रममा सहभागी भई सोभा बढाउने कलाकार, नगरबासी आमा, बुवा, दाजुभाई, दिदीबहीनीहरुमा हार्दिक धन्यवाद सहीत विदा हुन्छु ।

**धन्यवाद**

सन्त बहादुर सुनार
कार्यकारी अधिकृत
जयपृथ्वी नगरपालिका
चैनपुर, बझाङ्ग